पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ३ भाग:२ पोखरा खण्ड: ४६ २०७७।०३।१२

## पोखरा महानगरपालिकाको विनियोजन ऐन, २०७७

# पोखरा महानगरपालिकाको विनियोजन ऐन, २०७७

**पोखरा महानगरपालिकाको आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,**

**प्रस्तावनाः**

पोखरा महानगरपालिकाको आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम पोखरा महानगरपालिकाको सातौं नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**पोखरा महानगरपालिकाको विनियोजन ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–**

(क) "आर्थिक वर्ष" भन्नाले हरेक बर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्षको आषाढ मसान्त सम्मको अवधीलाई संझनु पर्दछ ।

(ख) "महानगरपालिका" भन्नाले पोखरा महानगरपालिका संझनु पर्दछ ।

(ग) "विनियोजन" भन्नाले सभाद्वारा विभिन्न सेवा र कार्यहरुको लागि विभिन्न शीर्षकमा खर्च गर्न विनियोजन भएको रकम संझनु पर्दछ ।

(घ) "संविधान" भन्नाले नेपालको संविधान संझनु पर्दछ ।

(ङ) "संचित कोष" भन्नाले पोखरा महानगरपालिकाको संचित कोष संझनु पर्दछ ।

(च) "सभा" भन्नाले पोखरा महानगरपालिकाको नगरसभा संझनु पर्दछ ।

(छ) "कार्यपालिका" भन्नाले पोखरा महानगरपालिकाको कार्यपालिका संझनु पर्दछ ।

**३. आर्थिक वर्ष २०७७/७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७७/७८ को निमित्त नगर कार्यपालिकाको कार्यालय, विषयगत महाशाखा, वडा कार्यालयले गर्ने सेवा र कार्यहरुका निमित्त जम्मा रकम रु.५,३४,७१,७८,००० (अक्षेरुपी पाँच अर्ब चौंतीस करोड एकहत्तर लाख अठहत्तर हजार मात्र) मा नबढाई बजेट तथा कार्यक्रममा उल्लेख भएबमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**४. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८ को निमित्त पोखरा महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालय, विषयगत महाशाखा र वडा कार्यालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

**(४) रकमान्तर :** (१) स्वीकृत वजेटको कुनै एक उपशिर्षकको कुनै एक खर्च शिर्षकबाट सोही उपशिर्षकको अर्को खर्च शिर्षकमा वा अर्को उपशिर्षकको कुनै खर्च शिर्षकमा कार्यपालिकाले रकमान्तर गर्न सक्नेछ तर पूँजीगत कार्यक्रमबाट चालु कार्यक्रममा रकमान्तर गर्न सकिने छैन ।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा जुन शिर्षकमा रकमान्तर गर्ने हो सो खर्च शिर्षकमा सुरु विनियोजित रकमको २५ प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सकिनेछ । २५ प्रतिशतभन्दा बढी रकमान्तर गर्नु परेमा नगर सभाको स्वीकृत लिनु पर्नेछ ।

**५. कार्यक्रम संशोधन :** स्वीकृत बजेटको कुनै कार्यक्रम संशोधन गर्ने अधिकार कार्यपालिकाको हुनेछ तर स्वीकृत कार्यक्रमको चौमासिक विभाजनको संशोधन भने प्रमुख प्रशासकीय अधिकृतले गर्न सक्नेछन् ।

**६. अधिकार प्रत्यायोजन :** यस ऐन बमोजिमको रकमान्तर गर्ने तथा कार्यक्रम संशोधन गर्ने अधिकार कार्यपालिकाले नगर प्रमुख वा प्रमुख प्रशासकिय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

प्रमाणिकरण मिति : २०७७/०३/१२ गते

प्रकाशित मिति : २०७७/०४/०१ गते

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत